# यहि हो नेपाली !



*निलन कुमार थेच्वमि*

लाउँदैमा टोपी, दौरा सुरुवाल बन्दैन नेपाली ।

धाउँदैमा पाईला गाउँदैमा गीत गम्दैन नेपाली ।

छोराले ममी, छोरीले डाय्डी त्यागीदैछ नेपाली ।

दुईदिने साहित्य सम्मेलन गर्दैमा चल्दैन् नेपाली ।

मातृभूमि त्यागी विदेशीए पनि भन्दैछन् नेपाली ।

जोगाउँ माटो, जोगाउँ भाषा भन्दैछन् नेपाली ।

एकपल्ट फूलेको फूलमा आज भुनभुनाउँछ नेपाली ।

भोलि भयो, ओईलि गयो विर्सन्छन् नेपाली ।

सम्फनामा मायाँ, देशको छायाँ बोकेर नेपाली

सुखको आशमा, धनको लोभमा विदेशीन्छ नेपाली ।

संस्कृति रुँदैछ, चाडपर्व रुँदैछ, सम्फेर नेपाली ।

जन्मभूमि त्यागी, विदेशमा बसेर हुदैन् नेपाली ।

रोक है रोक, विदेशीन रोक, हे वीर नेपाली

झुत्रो लगाऊ, गुन्द्रकढिडो खाऊ, बस है नेपाली ।

माटोको लागि, सत्रुसंग लड एक भएर नेपाली ।

टुटेको नक्सा, छुटेको जमिन दिलाउ नेपाली ।

फूलेर हाँस्नेछ, नेपालभाषा साहित्य बनि नेपाली ।

देखेर सृजनाशील, झुक्नेछ विश्व देखेर नेपाली ।

आमाको गौरब, देशको मायाँ यहि हुनेछ नेपाली ।

सगरमाथा शीर, स्वाभिमान वीर यहि हो नेपाली ।